# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं आषाढ १४ गते २०११ साल [ संख्या ४५

## भाग २

## अर्थमन्त्रालयको सूचना

पत्रसंख्या १६५३ मिति ०११।३।६।४

२०१० साल आषाढ २३ गते भ्रमण तथा दैनिक भत्ता सन्बन्धको सवाल संख्या ४६ भाग २ का गजेटमा प्रकाशित भएकोमा सो गजेटको हेडिङ्गमा "निम्न लेखिएबमोजिमका सवाल जारी गर्ने निर्णय भएको हुनाले सूचित गरिएको छ" भन्ने लेखिन गएबाट कसै कसैले अर्को सवाल जारी भई नआई त्यस सवाललाई लागू गर्न नमिल्ने भनी शङ्का लिई लागू नगरी सोधनी गरी पठाएकोले काम गर्ने रकमीहरू भ्रममा परेको बुझिएकोले सोबारेमा अर्को सवाल जारी भई आउने नभई सो गजेटमा प्रकाश भएको सवाल सोही मितिदेखि नै लागू गरिएको हुनाले स्पष्टीकरण गरिएको छ।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।